# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

सूचना सार्वजनिक गर्ने निकायको नाम :- अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सूचना सार्वजनिक गरेको अवधि :- २०७२-११-१ देखी २०७३-३-३१ सम्म

**क. निकायको स्वरुप र प्रकृति :-**

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक निकायका रुपमा वि.सं. २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन भएको हो । मिति २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले समेत यस संवैधानिक आयोगलाई निरन्तरता दिएको छ।

नेपालको संविधानको भाग २१ धारा २३८ ले संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ।संविधानको धारा २३९ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुन बमोजिम अनुसन्धान र तहकिकात गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ।

नेपालको संविधानको भाग २१ धारा २३८ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरू नियुक्त गर्ने प्रावधान रहेको छ। आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि छ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरू ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम नियुक्त हाल आयोगमा प्रमुख आयुक्त र ५ जना आयुक्तहरु कार्यरत रहनुभएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू

गर्ने थप दायित्व समेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादित हुने गरेका छन् :

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने।
- दुष्परिणाम सच्याउन लेखी पठाउने।
- हानि नोक्सानी भरिभराउ गराउने।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू गर्ने।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने।
- आवश्यकतानुसार सम्बन्धित बिषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने।

आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि छ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरू ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने सम्बैधानिक व्यवस्था रहेको छ। हाल आयोगमा प्रमुख आयुक्त र ५ जना आयुक्तहरु कार्यरत रहनु भएको छ ।

| नाम | पद | नियुक्ति मिति |
|---|---|---|
| श्री लोक मान सिंह कार्की | प्रमुख आयुक्त | २०७०।०१।२५ |
| श्री दिप बस्न्यात | आयुक्त | २०७१।१२।१९ |
| श्री नवीनकुमार घिमिरे | आयुक्त | २०७१।१२।१९ |
| डा. गणेशराज जोशी | आयुक्त | २०७१।१२।१९ |
| श्री राजनारायण पाठक | आयुक्त | २०७१।१२।१९ |
| डा. सावित्री थापा गुरुङ्ग | आयुक्त | २०७१।१२।१९ |

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०४७

**ख. आयोगको काम, कर्तव्य र अधिकार**

२०७२ असोज ३ गते जारी भएको नेपालको संविधानको भाग २१ धारा २३९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसारको हुने व्यवस्था गरिएको छ :

आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ। तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीहरू आयोगको कार्य क्षेत्रभित्र पर्दैनन्।

संविधानको धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि संघीय कानुन बमोजिम आयोगले अनुसन्धान गर्न वा गराउन सक्नेछ।

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ।

अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजित गर्न सक्नेछ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानुन बमोजिम हुनेछ।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष सम्पादित कामहरुको बार्षिक प्रतिवेदन पेश गर्ने ।

वर्तमान नेपालको संविधानको व्यवस्था अनुसार अनुचित कार्य सम्बन्धी कारवाहीहरु आयोगको कार्यक्षेत्रबाट हटेको भएता पनि संक्रमणकालिन व्यवस्थामा संविधानको धारा ३०४ अनुसार वर्तमान कानून लागू रहने सन्दर्भमा नेपालको संविधानसँग बाझिएको कानुन यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिबालयको प्रमुखमा नेपाल सरकारबाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको संगठन तालिका अनुसूची–१ मा उल्लेख गरिएको छ ।आयोगमा अनुसन्धान महाशाखाहरू–७ वटा , सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धान महाशाखा, प्रहरी महाशाखा, प्रशासन महाशाखा, मुद्दा तयारी महाशाखा, बहस पैरवी महाशाखा, पुनरावेदन तथा तामेली महाशाखा, अनुगमन महाशाखा र योजना महाशाखा गरी जम्मा १५ वटा महाशाखा रहेका छन् । स्वीकृत दरबन्दीतर्फका (प्रहरी दरबन्दी समेत), पुल दरबन्दीका ४०, सवारी चालक ४३, कार्यालय सहयोगी ४३ समेत गरी जम्मा ४३० जना कर्मचारीहरूको दरवन्दी रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पाँच वटा क्षेत्रीय कार्यालयहरुमा कूल दरवन्दी २७० र पाँच वटा सम्पर्क कार्यालयहरुमा कूल दरवन्दी १२० गरी हाल आयोगमा जम्मा ८२० जना कर्मचारीहरुको दरबन्दी रहेको छ।

**घ. निकायबाट प्रदान गरिने सेवा :-**

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै ब्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो ब्यक्ति र सो अपराधमा संलग्न अन्य ब्यक्तिहरु

उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा आरोपपत्र दायर गर्ने वा गराउने व्यवस्था गरिएको छ ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका अनुचित कार्य तथा भ्रष्टाचार सम्बन्धी विभिन्न उजुरीहरुलाई मन्त्रालयगत/निकायगत रुपमा वर्गीकरण गरी तोकीएका अनुसन्धान महाशाखाहरुबाट उजुरीहरुको प्रारम्भिक छानविन तथा आवश्यकता अनुसार विस्तृत अनुसन्धान हुने।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र समयावधि :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ मा भएको व्यवस्था अनुसार तथा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ७ र ८ को व्यवस्था अनुसार सम्बन्धित व्यक्तिलाई दिन मिल्ने सूचना तोकीएको शुल्क प्रति पानाको रु.५ का दरले उपलब्ध गराईने व्यवस्था रहेको।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २३ अनुसार अनुसन्धान कार्य र सो सँग सम्बन्धित विषयहरु अनुसन्धान अवधिभर गोप्य राख्नु पर्ने भएकोले सार्वजनिक नगरीएको। साथै मन्त्रालय/निकायहरु सँग सम्बन्धित उजुरीहरु कार्य विभाजन गरी अनुसन्धान गर्ने गरीएको।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३५ग. अनुसार सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## झ. सम्पादन गरेको कामको विवरण :-

आर्थिक वर्ष २०७२/७३ मा आयोगको केन्द्रि, क्षेत्रीय कार्यालयहरू र आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा समेत गरी करिव २४००० भन्दा बढि उजुरीहरू उपर प्रारम्भिक छानबिन तथा अनुसन्धान भएको छ। यस आर्थिक बर्षमा प्राप्त उजुरी र तिनको फछ्यौंटको आधारमा आयोगको समग्र कार्यसम्पादन प्रगति करिब ६८ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७२/७३ मा मुद्दा दर्ता गर्ने निर्णय भएका जम्मा १४४ बटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन् ।

आर्थिक वर्ष २०७२/७३ को माघ मसान्त पछि करिव ७००० भन्दा बढि उजुरीहरु आयोगमा दर्ता हुन आएका र उक्त अवधिमा करिब १०००० उजुरीहरु फछ्यौंट भएका छन् । फछ्यौंट मध्ये यस अवधिमा करिव २०० उजुरीहरु उपर विस्तृत अनुसन्धान भईरहेको, करिब ६००० उजुरीहरु तामेलीमा गएको र करिब ४००० उजुरीहरु उपर विविध कारबाही भएको छ। यसका साथै आर्थिक वर्ष २०७२/७३ को माघ मसान्त पछि करिव ४०० उजुरीहरु उपर विस्तृत अनुसन्धान सम्पन्न भई ६९ वटा आरोपपत्रहरु विशेष अदालतमा दर्ता गरीएको छ ।

## निरोधात्मक तथा प्रवर्द्धनात्मक रणनीति अन्तर्गतका कार्यहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (२) मा भ्रष्टाचार तथा अनुचित कार्य हुन नदिनका लागि निरोधात्मक उपायहरूको खोजी, अनुसन्धान र प्रक्रिया विकास तथा तत्सम्बन्धमा जानकारी अभिवृद्धि गर्न आयोगले आबश्यक ठानेका प्रवर्द्धनात्मक कार्यहरू गर्नसक्ने व्यवस्था छ । यसै अनुरूप आयोगले विभिन्न गतिविधिहरू संचालन गर्दै आएको छ ।

## निरोधात्मक रणनीति

निरोधात्मक उपाय अन्तर्गत आयोगले भ्रष्टाचारको जोखिपूर्ण क्षेत्र तथा विद्यमान पद्धतिमा भ्रष्टाचारका प्रमुख कारणहरूको पहिचानमा जोड दिने, भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सरकारले अपनाउनुपर्ने उपायहरूका बारे सरकारलाई नीतिगत सुझाव दिने र भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकायहरूबाट सम्पादन हुने प्रयासहरूबीच समन्वय र तिनको अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरू गर्दै आएको छ ।

आयोगकै पहलस्वरूप व्यावसायिक र संगठित क्षेत्रको आचारसंहिता तर्जुमा गरी लागू गराउने प्रयत्न भएको छ । विभिन्न मन्त्रालय र केन्द्रीय निकायहरूमा गठित सम्पर्क विन्दु (Focal Points) मार्फत आचार संहिताको नियमित अनुगमन गर्ने कार्यको प्रारम्भ भएको छ। राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्बयनलाई चुस्त तुल्याउन आवधिक अनुगमन गर्ने पद्धतिको शुरुबात भएको छ ।

स्थलगत रूपमै विभिन्न अनुसन्धान टोलीहरू परिचालन गरी भ्रष्टाचार विरुद्धको अनुगमनलाई परिणाममुखी तुल्याउने विषयमा पनि आयोग सक्रिय रहँदै आएको छ । यसका लागि क्षेत्रीय र सम्पर्क कार्यालयहरूलाई विशेष रूपमा परिचालित गरिएको छ । सार्वजनिक निकायहरूमा कार्य संचालन कार्यविधि (Standard Operational Procedures) तयार गर्न लगाउने र कार्यसम्पादन दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले जोड दिँदै आएको छ ।

नागरिक सेवा प्रवाह तथा सार्वजनिक सरोकारका विषयमा सार्वजनिक निकाय र पदाधिकारीहरूबाट सम्पादित कार्यको प्रभावकारिताका लागि सम्बद्ध निकायका जिम्मेवार पदाधिकारीहरूसँग समन्वय बैठकहरू आयोजना गरिएका छन् । आयोगका माननीय प्रमुख आयुक्त र माननीय आयुक्तज्यूहरूको समुपस्थितिमा विभिन्न निकायहरूबाट प्रवाहित सेवाको अवस्था, समस्या तथा चुनौतीहरू एवं समाधानका उपायहरूबारे छलफल गरी सहजीकरण र समन्वय जस्ता पक्षमा सुधार भई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहायकसिद्ध भएको पाइएको छ ।

## प्रवर्द्धनात्मक रणनीति

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया, छलफल र गोष्ठी तथा सामुदायिक शिक्षासम्बन्धी कार्यक्रमहरू संचालन गरिएको छ । भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री तयार गर्ने, पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरू प्रकाशन र प्रसारण गर्ने, ब्रोस्योर एवम् पोष्टर र पम्प्लेट जस्ता सामग्रीको छपाइ तथा वितरण गर्ने र नियमित रूपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरू समावेश भएका पुस्तिकाहरू प्रकाशन गर्ने कार्य हुँदै आएका छन् ।

आयोगले भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुर्‍याउने विशिष्ट व्यक्तिहरूलाई पुरस्कृत र सम्मान गर्ने नीति कार्यान्वयन गर्दै आएको छ । यसका अतिरिक्त भ्रष्टाचारविरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूलाई आयोगले उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्यासको थालनी गरेको छ ।

### अन्तरक्रिया र छलफल

प्रवर्द्धनात्मक उपाय अन्तर्गत आयोगको क्षेत्रीय कार्यालयहरूको संयोजनमा विभिन्न जिल्लाका कार्यालय प्रमुखहरू, नागरिक समाज, संचारकर्मी, गैरसरकारी संघसंस्था, उद्योग वाणिज्य संघका प्रतिनिधि, कानुन व्यवसायी लगायत समाजका अगुवा समेतको सहभागितामा विभिन्न मितिमा अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिएका छन् । आर्थिक वर्ष २०७२/७३ मा संचालन भएका कार्यक्रम निम्नानुसार छन् :

### सामुदायिक शिक्षा

आयोगले आर्थिक वर्ष २०६४/६५ देखि भ्रष्टाचारविरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ। खासगरी उच्च माध्यमिक विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थी र शिक्षकहरूलाई लक्षित गरी संचालित गरिने कार्यक्रमहरुमा आ.ब. २०७२/७३ को तेश्रो चौमासिकमा आयोगका क्षेत्रीय तथा संपर्क कार्यालयहरु मार्फत

भ्रष्टाचार विरुद्ध जनचेतना मूलक ४७ वटा सामुदायिक शिक्षा कार्यक्रम तथा ४८ वटा अन्तरकृया गोष्ठी आयोजना गरिएको छ । रेडियो तथा एफ.एम. मार्फत भ्रष्टाचार नियन्त्रण सम्बन्धी चेतनामूलक सूचनाहरु प्रशारण गरिएको छ ।

**सम्पर्क विन्दु (Focal Point) बैठक**

आयोगबाट भएका निर्णयहरू कार्यान्वयनको समीक्षा गर्ने तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी समसामयिक विषयहरूमा विभिन्न मन्त्रालय र निकायका सम्पर्क विन्दुको रूपमा तोकिएका जिम्मेवार पदाधिकारीहरूसँग नियमित रूपमा बैठकको आयोजना हुने गरेको छ । आ.ब. २०७२/७३ को अन्तिम चौमासिकमा विभिन्न मन्त्रालय/निकायहरु विच समन्वय गर्न ४ पटक फोकल प्वाइन्ट बैठकहरु सम्पन्न भएका छन् ।

**जानकारी एवम् सन्देशमूलक सूचना प्रकाशन र प्रशारण**

आयोगले आफ्नो वेभपेज, फेसबुक तथा ट्वीटरको माध्यमबाट एवं आयोगका कार्यालयहरूबाट आ-आफ्ना कार्य क्षेत्रका स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियोहरू मार्फत भ्रष्टाचारका विरुद्धमा जनमत सिर्जना गर्ने उद्देश्यले विभिन्न सन्देशमूलक सूचनाहरू प्रशारण गर्ने गरेको छ ।यसका अतिरिक्त आयोगका गतिविधिहरू समेटी बुलेटिन र ब्रोस्यौर प्रकाशन गर्ने गरिएको छ ।भ्रष्टाचार विरोधी जनचेतना अभिवृद्धि गर्न विभिन्न प्रकारका प्रचार सामग्रीहरू प्रकाशन गरी वितरण समेत गर्ने गरिएको छ ।

**आयोगका कर्मचारीको आचारसंहिता पुनरावलोकन तथा पुनर्लेखन गर्ने**

आयोगमा कार्यरत जनशक्तिलाई थप अनुशासित, नैतिकवान र जवाफदेही बनाउन हालको आचारसंहितालाई परिमार्जन गर्ने प्रयास भइरहेको छ । परिवर्तित सन्दर्भ र आयोगको गरिमा अनुरूप आयोगका पदाधिकारी र कर्मचारीहरूलाई अनुशासित र मर्यादित बनाउन विद्यमान आचारसंहितामा पुनरावलोकन सहित आवश्यक बिषयहरू थप गरी कार्यान्वयन गरिएको छ ।

## संगठन तथा दरबन्दी पुनर्संरचना (O& M Survey) गर्ने

संवैधानिक व्यवस्था अनुरूप आयोगको कार्यक्षेत्र र संघीय राज्य संरचना समेतलाई ध्यानमा राखी आयोग र अन्तर्गतको संगठन तथा दरबन्दीको पुनर्संरचनाका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न भई आ.व. २०७३/७४ को श्रावण १ गते देखी लागु भएको छ । साविकका आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरु नयाँ संगठन संरचनामा आयोगका कार्यालयको रुपमा रहेका छन्।

## जनशक्ति क्षमता मूल्यांकन (Human Resources Capacity Assessment) गर्ने

आयोगको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामूलक बनाउन कार्यरत जनशक्तिको क्षमताको महत्तम उपयोग गर्ने तथा क्षमता अभिबृद्धि गर्नुपर्ने आवश्यकता छ। आयोगका कामकारबाहीलाई नतिजामुखी बनाई अनुभूतियोग्य प्रतिफल प्राप्त गर्न कार्यरत जनशक्तिको क्षमता मूल्यांकन (Capacity Assessment) एवम् क्षमता अभिबृद्धिका लागि आवश्यकताको पहिचान (Need Assessment) गरी सोही आधारमा मानव संशाधन विकास (Human Resource Development) को नवीन अबधारणा सहितको कार्ययोजना तयार गरी कार्यान्वयन गरिने सोचलाई निरन्तरता दिइएको छ।

## भ्रष्टाचार रोकथामका लागि प्रवर्द्धनात्मक एवम् निरोधात्मक कार्य गर्ने

भ्रष्टाचार नियन्त्रणमार्फत सुशासन प्रवर्द्धन गर्ने ध्येयले आयोगले अवलम्बन गर्ने प्रवर्द्धननात्मक र निरोधात्मक रणनीतिलाई थप विस्तारित र प्रभावकारी रूपमा संचालन गर्न नियोजित र समन्वयात्मक प्रयासहरू गर्नुपर्ने देखिएको छ । त्यसैले यी विषयलाई थप प्रभावकारी बनाउन विभिन्न मुलुकका अभ्यास समेतको सैद्धान्तिक अध्ययनबाट हाम्रो परिवेश अनुकूल उपयुक्त क्रियाकलापहरूको पहिचान गरी कार्यान्वयन गरिने प्रयास गरिएको छ ।

## अभियोजन नीति (Prosecution Policy) तयार गर्ने

अनुसन्धान, तहकिकात र अभियोजनसम्बन्धी कार्यलाई मार्गदर्शन गर्ने उद्देश्यले अभियोजन नीति तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ। आयोगबाट हुने निर्णयमा एकरूपता कायम गर्न, निर्णयमा हुन सक्ने विरोधाभाषको अन्त्य गर्न र कसुरको गम्भीरता र दण्डको स्तरबीच सामञ्जस्यता कायम गर्न समेत अभियोजन नीति आवश्यक देखिन्छ । त्यसैले अन्य मुलुकहरूले अवलम्बन गरेका पद्धति र अभ्यासहरू समेत विश्लेषण गरी नेपालको विद्यमान कानुन, अभ्यास र प्रतिपादित सिद्धान्तलाई मध्यनजर राखी अभियोजन नीति तयार गरी कार्यान्वयन गर्ने प्रयास भइरहेको छ ।

## अदालतका फैसलाहरूको अध्ययन र विष्लेषण गर्ने

अदालतद्वारा भएका फैसलाहरूको अध्ययन विश्लेषण गर्ने तथा सबल र दुर्बल पक्षहरूको पहिचान गरी आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरू बोध गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ। मुद्दा तयारी, बहस पैरवी र अनुसन्धान प्रक्रियालाई अझ सुदृढ र व्यवस्थित बनाई अधिकतम सफलता प्राप्त गर्न अदालतबाट भएका फैसलाहरूको अध्ययन गर्नु आवश्यक देखिएको

## तालिम कार्यक्रम

कर्मचारीको क्षमता अभिबृद्दि आयोगको ६ बर्षे रणनीतिक उदेश्यको एक महत्वपूर्ण पक्ष हो। कुनै पनि संगठनको लक्ष्य प्राप्तिमा मानवीय पूँजीको (Human capital) अहंम भुमिका रहने कुरामा आयोग सचेत छ। यसर्थ आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिमा आयोगले जोड दिएको छ। आ.ब. २०७२/७३ को अन्तिम त्रैमासिकमा आयोग र अन्तर्गत कार्यालयका २९६ जना कर्मचारीहरुलाई क्षमता अभिबृद्धि सम्बन्धि आधारभूत प्रशिक्षण प्रदान गरिएको र १०० जना बिभिन्न तहका कर्मचारीहरु विभिन्न मुलुकहरुमा बैदेशिक तालिम/अध्ययन भ्रमणमा सहभागी भएका छन् ।

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१/३/१९ को (सचिवस्तर) निर्णयानुसार सूचना अधिकारीको रुपमा आयोगका **उप-सचिव श्री खगेन्द्र रिजाल** कार्यरत रहनुभएको छ। आयोगका सूचना अधिकारीको सम्पर्क टेलिफोन नं. ९८५११८७३०८ रहेको छ ।

आयोगका पाँच वटा क्षेत्रीय कार्यालयहरुका सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ ।

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलिफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ. क्षे.का. धनकुटा | प्र.नि.- श्री रामजी कटुवाल | ९८५२०२२४२५ |
| अ.दु.अ.आ. क्षे.का. हेटौंडा | उपसचिव-श्री नरेन्द्र प्रसाद भट्टराई | ९८४५८२८४०५ |
| अ.दु.अ.आ. क्षे.का. पोखरा | उपसचिव-श्री विष्णु प्रसाद रेग्मी | ९८४६०३९४७४ |
| अ.दु.अ.आ. क्षे.का. सुर्खेत | उपसचिव-श्री जंग बहादुर डाँगी | ९८५११९०१६५ |
| अ.दु.अ.आ. क्षे.का. दिपायल | प्र.ना.उ.-श्री टंक प्रसाद भट्टराई | ९८५१२८११५२ |

ट. ऐन,नियम, विनियम वा निर्देशिकाको सूची :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि,२०७०

भ्रष्टाचार निवारण ऐन,२०५९

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आचारसंहिता,२०७०

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

विशेष अदालत ऐन, २०५९

मुलुकी ऐन,२०२०

नेपालको संविधान

**ठ. आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :-**

आर्थिक बर्ष २०७२/७३ को तेश्रो चौमासिकमा भएको विनियोजन तथा खर्चको विवरण

| बजेट उपशिर्षक | बजेट शिर्षक | कूल बार्षिक बजेट | कूल बार्षिक खर्च |
|---|---|---|---|
| संस्थागत सुदृढिकरण २०६१०१३/१४ | पुँजिगत | २५३१५१०००/- | ११७२७६०००/- |
| | चालु | ३५७४७०००/- | ३०९२००००/- |

हाल सम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कुनै बेरुजु नभएको अवस्था छ।

**ड. तोकिए बमोजिमका अन्य विवरण :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट चालु आ.ब.मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु

- सम्मानननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको आयोगको आ.ब. २०७१/७२ को बार्षिक प्रतिवेदन ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगको रणनीति सन् २०१४-२०१९ ।
- स्मारिका २०७२ ।
- बुलेटिन ।
- भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बहुआयामिकता ।

**ढ. अघिल्लो आ.ब.मा सञ्चालन भएका कार्यक्रमहरुको विवरण :-**

सामुदायिक शिक्षा कार्यक्रम

बैदेशिक तालिम तथा अवलोकन भ्रमण

कानुनमा सुधारका लागी अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य

भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अन्तर्क्रिया तथा छलफल

भ्रष्टाचार विरुद्ध अन्तराष्ट्रिय दिवस

अनुसन्धानका लागी आधारभुत तालिम कार्यक्रम

आयोगको स्थापना दिवस

**ण. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वेभसाईट **www.ciaa.gov.np** रहेको छ । उक्त वेभसाईटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन, सांगठनिक संरचना, आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरुको विवरण, ऐन कानुन, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचिकृत गरीएको छ । यसका अलावा अनलाईन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्था समेत मिलाईएको छ । आयोगको सामाजिक सञ्जाल फेसबुक मार्फत समेत आयोगले आफ्ना दैनिक काम कारवाहीको जानकारी गराउदै आएको छ ।२०७२ माघ महिना देखी आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरु सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाईएको छ ।यसका साथै आयोगको मोबाइल एप्लिकेशन FAC-CIAA समेतबाट उजुरी तथा गुनासाहरु सजिलैसगँ आयोगमा संप्रेषण गर्न सकिने व्यबस्था गरिएको छ ।

**त. बैदेशिक सहायता,ऋण, अनुदान एवं प्राविधिक सहयोगको विवरण :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हाल सम्म कुनै प्रत्यक्ष बैदेशिक सहायता तथा ऋण सहयोग नलिएको ।

**थ. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :-**

भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व.२०७१/७२ मा गरेका कार्यहरुको बार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष मिति २०७२ माघ २१ मा पेश गरिसकेको छ । आ.व. २०७२-७३ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भए पछि सो को विस्तृत विवरण जानकारी गराइने छ ।

**द. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :-**

सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ को अनुसूची १देखी अनुसूची ५ सम्मको व्यवस्था अनुसार कागजात धुल्याउने तथा संरक्षण गर्ने गरीएको छ ।

**ध. सूचनाको हक अन्तर्गत सूचना माग भएको विवरण :-**

मिति २०७२/११/१ देखि मिति २०७३/३/२९ सम्मको अवधिमा सूचना माग गर्ने १ जना महानुभावहरुको हकमा सूचना उपलब्ध गराईएको छ ।

**न. विविध :-**

आयोगका गतिविधिहरुका सम्बन्धमा थप जानकारी तथा सुचनाहरु आयोगको वेभसाईट www.ciaa.gov.np तथा आयोगको फेसबुक पेजबाट समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ ।

अनुसूची १

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सङ्गठन तालिका

